# मिति २०७८ साल पौष ४ गतेकाको कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समीक्षा तथा प्रतिवेदन सम्बन्धमा।

२. आ.व.०७८/०७९ को हिउँदे गाउँसभा (विद्यायन सभा) सम्वन्धमा।

३. बालुवा बरामद सम्बन्धमा।

४. योजना सम्झौता सम्बन्धमा।

५. बाल विकास केन्द्र शिक्षिका सरुवा सहमति सम्बन्धमा।

६. विविध।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ को हिउँदे गाउँसभा २०७८ पौष अन्तिम हप्तामा गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाका विभिन्न ठाउँबाट बरामद बालुवाको आर्थिक ऐन २०७८ अनुसार राजश्व प्रति घनमिटर रु २०० (दुई सय) र जरिवाना प्रति घनमिटर रु १०० (एक सय) का दरले गरी, जम्मा प्रति घनमिटर रु ३०० (तिन सय) राजश्व र जरिवाना दुबै रकम बुझाएपछि मात्र उपभोग गर्न दिने यदि कार्यान्वयन नभएमा गाउँ पालिकाको नियमानुसार हुने र पुन: बालुवा उत्खनन गर्न नपाइने भन्ने सर्वसम्मतबाट निर्णय गरियो।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा आ.ब. २०७८/७९ योजनाहरुको सम्झौता फागुन मसान्तभित्र गरि सक्ने गरि कार्य सुचारु गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**५. निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा बाल विकास केन्द्र शिक्षिका लक्ष्मी खत्रीलाई मझुवाबाट वडडाँडामा सरुवाका लागि सहमति दिने सर्वसम्मतबाट निर्णय गरियो।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।